प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कोशी प्रदेश कार्यालय

ईटहरी, सुनसरी

## सूरक्षाकर्मी सेवा आपुर्ती सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सुचना ।

### (दोस्रो पटक सूचना प्रकाशित मिति २०८३/०३/३१)

यस कार्यलयलाई तपसिल बमोजिमको सुरक्षागार्ड सेवा आपुर्ती गर्ने कार्य ठेक्कामा गराउनु पर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्रमा नेपाल सरकारबाट ईजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/ फर्मबाट रितपुर्वकको सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ।

तपसिलः

| क्र.स. | सिलबन्दी दरभाउपत्र नं. | विवरण | दरभाउपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | KPO-SECURITY-2082/083-01 | सूरक्षागार्ड सेवा | १०००।- | |

नोटः विस्तृत सूचना यस कार्यलयको सूचना पेटी वा सम्पर्क नम्बर ९८५२०५५०१९/९८४२३०७९१६ वा www.ctevtkoshi.org.np बाट प्राप्त गर्न सकिनेछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कोशी प्रदेश कार्यालय

## इटहरी-५, सुनसरी

## सुरक्षाकर्मी सेवा आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोश्रो पटक सूचना प्रकाशित मितिः २०८३/०३/३१**

**सिलबन्दी दरभाउपत्र नं.: KPO-SECURITY-2082/83-01**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय इटहरी-५, सुनसरीले सुरक्षाकर्मी सेवा आपूर्ति कार्य गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्म/संस्था/कम्पनिहरूले तपसिलका शर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक तथा योग्य सिलबन्दी दरभाउपत्रदाताले कार्यालय समयभित्र **प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय इटहरी-५, सुनसरी (सम्पर्क नं.** ९८५२०५५०१९/९८४२३०७९१६) बाट थप जानकारी प्राप्त गर्न तथा सिलबन्दी दरभाउपत्र कागजात अवलोकन गर्न सकिनेछ वा यस कार्यालयको वेबसाइट www.ctevtkoshi.org.np मा समेत हेर्न सकिनेछ।

२. योग्य सिलबन्दी दरभाउपत्रदाताले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय इटहरी-५, सुनसरीको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक इटहरी शाखाको खाता नं. २५५०१००००१२७८००१ मा रु. १,०००।— **(अक्षरेपी एक हजार मात्र) (फिर्ता नहुने)** जम्मा गरेको सक्कल भौचर बुझाई **मिति २०८३/०४/०५ गते** सम्म कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। (नोटः यस कार्यालयलबाट मिति २०८३/०३/१९ गते प्रकाशित सिलबन्दी दरभाउपत्र नं.: **KPO-SECURITY-2082/83-01** को लागि पेस भएका सिलबन्दी दरभाउपत्र दाताहरुको हकमा पुनः दस्तुर बुझाउनु पर्ने छैन साथै मिति २०८३/०४/०५ गते सम्म कार्यालय समयभित्र अख्तियारिनामा सहित उपस्थित भई दरभाउपत्र फाराम लिई रितपूर्वक तोकिएको समय भित्र बुझाउनु पर्नेछ।)

३. सिलबन्दी दरभाउपत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय इटहरी-५, सुनसरीमा **२०८३/०४/०६** गते **दिनको १२:०० बजे** सम्म पेश गरिसक्नुपर्नेछ। सो समयपछि प्राप्त भएका दरभाउपत्र स्वीकार गरिने छैनन्।

४. सिलबन्दी दरभाउपत्र जमानत वापत **रु. ५०,०००/- (अक्षरेपी पचाँस हजार मात्र)** प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय इटहरी-५, सुनसरीको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक इटहरी शाखाको **खाता नं. २५५०१००००१२७७००१** मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको राष्ट्रिय बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तिमा **७५ दिन** (सिलबन्दी दरभाउपत्र पेस गर्ने अन्तिम मितिबाट) म्याद भएको बैंक जमानत संलग्न हुनुपर्नेछ। (नोटः यस कार्यालयलबाट मिति २०८३/०३/१९ गते प्रकाशित सिलबन्दी दरभाउपत्र नं.: . **KPO-SECURITY-2082/83-01** को लागि

निर्देशक

पेस भएका सिलबन्दी दरभाउपत्रदाताहरुको हकमा यस कार्यालयमा पेस भएको सिलबन्दी दरभाउपत्र जमानतको प्रतिलिपि पेस गर्न सकिनेछ।)

५. पेस भएका सिलबन्दी दरभाउपत्रहरू २०८३/०४/०६ गते **दिनको १:०० बजे** उपस्थित हुन चाहने सिलबन्दी दरभाउपत्रदाताका प्रतिनिधिहरूको उपस्थितिमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय इटहरी-५, सुनसरीमा खोलिनेछ।

६. सिलबन्दी दरभाउपत्र खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको पहिलो कार्यदिनलाई अन्तिम दिन मानिनेछ। तर सिलबन्दी दरभाउपत्र जमानतको वैधता अवधि यथावत रहनेछ।

७. सिलबन्दी दरभाउपत्रदाताले यस कार्यालयबाट प्राप्त सिलबन्दी दरभाउपत्र फाराम भरी निम्न कागजात समेत संलग्न गरि पेश गर्नु पर्नेछ। साथै तपसिल बमोजिमको कागजातको आधारमा सिलबन्दी दरभाउपत्रदाताको पूर्णताको परिक्षण गरिनेछ र पूर्णताको परिक्षणमा सफल सिलबन्दी दरभाउपत्रदाताहरुको मात्र आर्थिक मुल्यांकन गरिनेछ ।

क. दरभाउपत्र फाराम

ख. सिलबन्दी दरभाउपत्र जमानत

ग. फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

घ. मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि

ङ. आर्थिक वर्षको २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

च. व्यवसाय इजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि

छ. सिलबन्दी दरभाउपत्रमा हस्ताक्षर गर्ने अधिकारपत्र (Power of Attorney)

च. आर्थिक प्रस्ताव

८. पूर्णताको परीक्षणमा सफल सिलबन्दी दरभाउपत्रदाताहरुको आर्थिक प्रस्तावको मुल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित दरभाउपत्र स्वीकृत गरिनेछ। यदि दुई वा दुई भन्दा बढी न्यूनतम कबुल गर्ने दरभाउपत्रदाताहरुको कबुल अंक बराबर हुन आएमा गोलाप्रथाबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र छनोट गरिनेछ।

९. दरभाउपत्रदाताले कार्यालयबाट प्राप्त गरेको फाराममा लेखिए वमोजिम सबै कुराहरु खुलाई प्रत्येक पानामा सही छाप गर्नु पर्दछ। आर्थिक प्रस्तावको निर्दिष्ट स्थानमा प्रति सुरक्षाकर्मीको क) मासिक पारिश्रमिक, ख) सुविधा, ग) वास्तविक खर्चको आधारमा सोधभर्ना भुक्तानी हुने रकम श्रम ऐनले निर्दिष्ट गरे बमोजिम समाबेस गरिएकोले आर्थिक प्रस्तावमा ती महलहरुको रकम असंसोधनीय हुने गरि राखिएको छ। दरभाउपत्रदाताले आर्थिक प्रस्तावमा **व्यवस्थापन खर्च, ठेकेदारको ओभरहेड (क्र. स. "घ" को अधिकतम ५% सम्म)** कबोल हुने रकम अंक र अक्षरमा प्रष्टसंग भरि पेस गर्नु पर्नेछ । कुनै दरभाउपत्रदाताले **५% भन्दा बढी** रकम कबोल गरेमा उक्त सिलबन्दी दरभाउपत्र **स्वतः अस्विकृत** हुनेछ।

१०. संयुक्त उपक्रम (Joint Venture) को तर्फबाट दरभाउपत्र पेश गरिएको अवस्थामा, संयुक्त उपक्रम सम्झौता (Joint Venture Agreement) वा संयुक्त उपक्रम गठन गर्ने आशयपत्र (Letter of Intent to Form a Joint Venture) दरभाउपत्रसँग अनिवार्य रूपमा पेश गरिएको हुनु पर्नेछ।

**निर्देशक**

११. सुरक्षाकर्मी सैनिक सेवा, प्रहरी सेवाबाट अवकाश प्राप्त वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट तालिम प्राप्त गरेको साथै उमेर १८ वर्ष पुरा भएको र ५८ वर्ष ननाघेको हुनु पर्नेछ । आपूर्तिकर्ताले कार्यालयसंग सम्पर्क/समन्वय गर्न र खटाइका सुरक्षाकर्मीहरु मध्यबाट कामको अनुगमन/निरीक्षण गर्न १ (एक) जना निरीक्षक/कमान्डर/सुपरभाइजरको व्यवस्था गर्नु पर्नेछ र निजको योग्यता कम्तिमा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ। सम्झौता गर्दाको बखत कार्यमा खटिने सुरक्षाकर्मीहरुको यस कार्यालयबाट तोकिएको फर्मेटमा फोटो र आवश्यक विवरणहरु (कार्यानुभव, तालिम सम्बन्धी प्रमाणपत्र, नागरिकता तथा शैक्षिक प्रमाणपत्र) सहित कागजातहरु पेस गर्नुपर्नेछ।

१२. आपूर्तिकर्ताको तर्फबाट नियुक्त सुरक्षाकर्मीहरुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को कार्य गरेकै आधारमा यसै कार्यालयमा काम गरि पाउन वा सुविधा र शर्तहरुको बृद्धिका सम्बन्धमा कार्यालय कम्पाउण्डभित्र थुनछेक, धर्ना, हड्ताल वा कलम बन्द गर्न पाईने छैन र अग्रिम जानकारी नगराई वा कार्यालयको स्वीकृति नलिई कुनै पनि अवस्थामा आफ्नो जिम्मेवारी अनुसारको कार्य बन्द गराउन पाईने छैन भन्ने व्यहोरा समेतको शर्त रहेको कार्यालयबाट तोकिएको फर्मेटमा सक्कल करारनामा (आपूर्तिकर्ता र सुरक्षाकर्मीबीच भएको) समेत सम्झौता गर्दाको बखत पेस गर्नुपर्नेछ ।

१३. नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) द्वारा कालोसूचीमा राखिएको वा अयोग्य घोषित गरिएको दरभाउपत्रदाता, तोकिएको अवधिभर कुनै पनि खरिद प्रक्रियामा सहभागी हुन पाउने छैन।

१४. प्रत्येक दरभाउपत्रदाताले एउटा मात्र सिलबन्दी दरभाउपत्र पेश गर्न सक्नेछ। एउटै दरभाउपत्रदाताले एकभन्दा बढी दरभाउपत्र पेश गरेमा उसका सबै दरभाउपत्रहरू अयोग्य ठहर गरिनेछ।

१५. सिलबन्दी दरभाउपत्र पूर्ण रूपमा सिलबन्दी गरिएको खाममा पेश गर्नुपर्नेछ। खाममा सिलबन्दी दरभाउपत्रदाताको नाम तथा ठेगाना स्पष्ट उल्लेख गरिएको हुनुपर्नेछ साथै खाममा सिलबन्दी दरभाउपत्रको नाम र नं. उल्लेख गरिएको हुनुपर्नेछ।

१६. एकपटक पेश गरिएको सिलबन्दी दरभाउपत्र संशोधन वा फिर्ता लिन पाइने छैन।

१७. कुनै कारण खुलाई वा नखुलाई सबै वा कुनै पनि दरभाउपत्र पूर्ण वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने अधिकार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय इटहरी-५, सुनसरीमा निहित रहने छ ।

१८. यस सूचनामा उल्लेख नभएका अन्य नियमहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानुन बमोजिम हुनेछ ।

निर्देशक